निर्णय नं. १

वन वातावरण तथा विपद व्यवस्थापन समितिबाट सिफारिस भैआएका तपसिलका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

१. रत्ननगर वडा नं. ६ स्थित दोरङ्गी ब्रम्हस्थान नजिकको कुलोमा रहेको क्षतिग्रस्त कल्भर्ट मर्मत तथा सम्भारको लागि रु. १२,०००।- विपद व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने ।

२. रत्ननगर न. पा. को विभिन्न स्थानमा वर्षादको समयमा डुवान भई आवतजावतमा समस्या भएकोले व्यवस्थापनका लागि निम्नानुसारको हेमपाईप विपद व्यवस्थापन शिर्षकबाट खरिद गरी उपलब्ध गराउने ।

- रत्ननगर ८ र ९ को सिमानामा २(दुई) थान ।
- रत्ननगर ७ मा १(एक) थान ।
- रत्ननगर ७ स्थित बासपार्क क्षेत्रमा डुवान भएकोले १८ ईन्चको ४(चार) थान हेमपाईप विपद व्यवस्थापन शिर्षकबाट उपलव्ध गराउने ।
- रत्ननगर १६ मा १(एक) थान ।

३. रत्ननगर ११ निवासी सन्देश घिमिरेको घर आगलागी भएकोले विपद व्यवस्थापन शिर्षकबाट रु.७,०००।- (सात हजार) उपलव्ध गराउने ।

४. रत्ननगर ३ स्थित गणेश मन्दिर संरक्षण तथा भौतिक पूर्वाधार निर्माणका लागि विपद व्यवस्थापन शिर्षकबाट रु. ४०,०००।- (चालिस हजार) उपलव्ध गराउने ।

५. रत्ननगर ३ स्थित जनचेतना आमा समुहको निर्माधिन भवनको प्लाष्टर र झ्याल क्षति भएकोले विपद व्यवस्थापन शिर्षकबाट रु. ७,०००।- (सात हजार) उपलव्ध गराउने ।

निर्णय नं. २:

सामाजिक विकास समितिको सिफारिस वमोजिम आ. व. २०७७।०७८ को महिला लक्षित कार्यक्रम विपन्न वर्गका व्यवसाय संचालन गरिरहेका वा गर्न ईच्छुक महिलाहरुलाई सहयोग गर्ने र बढीमा प्रति विपन्न महिला रु. २५,०००।- रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३:

रत्ननगर न. पा. वडा नं. ७ स्थित राउत टोलदेखि बागमारा सामुदायिक वन जाने बाटो मर्मत तथा ग्रावेल गर्न रु. ६,०३,०००।- (छ लाख तीन हजार) विविध सार्वजनिक निर्माण शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४:

रत्ननगर वडा नं. ६ स्थित गैडाचोक वरीपरी सडक कालोपत्रे गर्ने लगत रु ९१,०००।- (एकानव्वे हजार) विविध सार्वजनिक निर्माण शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिका भित्रका कतिपय सामुदायिक तथा संस्थागत विद्यालयहरुको व्यवस्थापन समितिको म्याद समाप्त भएको हुँदा कोभीड–१९ को कारणबाट समयमै अभिभावक भेला बोलाउन असहज अवस्था भएकोले विद्यालयहरुको व्यवस्थापन समितिको म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी बढीमा ९(नौ) महिनाको लागि आगामी नगर सभाबाट अनुमोदन गराउने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

शिलवन्दी बोलपत्र मार्फत ठेक्का प्रकृयाबाट न्यून कवोल भई बाँकी रकमबाट निम्न योजना उपभोक्ता समिति मार्फत बाँकी काम सम्पादन गर्ने निर्णय गरियो ।

तपसिल:

१. दृष्टीविहिन छात्रावास भवन निर्माण वडा नं. ५ (तराई मधेस सम्बृद्धि कार्यक्रम) रु. ९,७१,०००।- (नौ लाख एकहत्तर हजार)।
२. वडा नं. १२ कार्यालय भवन निर्माण (जिसस संचित कोष) रु. ८,००,०००।- (आठ लाख)।
३. चर्च हाउसदेखि दक्षिण लक्ष्य बहादुर गुरुङ्गको घरको सडक कालोपत्रे रु. २१,६८,८००।- (एक्काईस लाख अठ्सट्ठी हजार आठ सय)।

निर्णय नं. ७:

रत्ननगर नगरपालिका वडा नं. ६ मा राप्ती ड्याक व्युटीफाई गर्न डिपिआरको लागि रु ५ लाख विनियोजन भएकोमा उक्त रकम फुटपाथ निर्माण गर्ने र विविध सार्वजनिक निर्माणबाट रु ३ लाख थप गरी रु. ८,००,०००।- (आठ लाख) विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ८:

नगर शिक्षा समितिको सिफारिस वमोजिम कोभिड- १९ को व्यवस्थापन शिर्षकबाट चार लाख तीस हजार र छात्राहरुको नि:शुल्क सेनेटरी प्याड खरिद शीर्षकबाट आठ लाख गरी जम्मा रु. १२,३०,०००।- (बाह्र लाख तीस हजार) शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय) अनुदान शीर्षकमा अपुग हुने भएकोले शीर्षकान्तर गरी श्रीराम वैदिक संस्कृत गुरुकुलम र श्री हरिहर गायत्री वेदवेदाङ्ग पाठशालालाई सात लाख पन्ध्र हजारका दरले अनुदान उपलव्ध गराउने निर्णय गरियो।

निर्णय नं. ९:

गत वर्ष सम्पन्न भई भुक्तानी दिन बाँकी रहेको नेपाल मा.वि. बौद्धिक अपांग शौचालय निर्माण वापतको रकम रु. १५०,०००।- (एक लाख पचास हजार) विविध सार्वजनिक निर्माण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १०:

रत्ननगर नगरपालिकाको विभिन्न वडामा निर्माण भएका मुख्य सडक सौन्दर्यीकरण तथा प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष सुधारको लागि विविध सार्वजनिक निर्माण शिर्षकबाट रु. ५,००,०००।- (पाँच लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो।